नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा विभाग
सानोठिमी, भक्तपुर

प.सं. ०७४/७५
च.नं. 26

मिति :- २०७४/१२/१८

**बिषय : विद्यार्थी भर्ना एवम् पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्बन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय
सबै ।

प्रस्तुत विषयमा नयाँ शैक्षिक सत्र, २०७५ सुरू हुन लागेको सन्दर्भमा विद्यार्थी भर्ना सँगै तत्काल विद्यार्थीको हातमा सेटमा नयाँ पाठ्यपुस्तक पुऱ्याउने कार्यलाई प्रभावकारी बनाउन निम्नानुसार गर्नु गराउन हुन निर्देशानुसार अनुरोध छ ।

१. त्यहाँ जिल्लाका जिल्ला समन्वय समितिका सभापतीलाई विशेष उपस्थितिका लागि अनुरोध गरी चैत्र २१ गतेसम्म पाठ्यपुस्तक वितरण व्यवस्थापन जिल्ला अनुगमन समितिको बैठक राखी पाठ्यपुस्तक वितरण कार्यलाई प्रभावकारी बनाउने सम्वन्धमा छलफल, अन्तर्क्रिया गरी आवश्यक निर्णयहरू गर्ने,
२. त्यस जिल्लाका पाठ्यपुस्तक विक्रेता, जनक शिक्षा र निजी मुद्रकका बीचमा समन्वय गरी चैत्र मसान्तभित्रै जिल्ला भित्रका सबै सामुदायिक विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउन स्थानीय तहसँग समन्वय गर्ने,
३. नयाँ शैक्षिक सत्रको शुरू दिनदेखि नै भर्ना अभियान तथा पाठ्यपुस्तक वितरण कार्यक्रमको उपलब्ध हुन सक्ने विशिष्ट व्यक्तित्वहरूवाट शुरूवात हुने गरी विशेष तयारी गर्ने र सो कार्य गर्न विद्यालयलाई प्रोत्साहन गर्ने,
४. स्थानीय तह मार्फत सामुदायिक विद्यालयहरूमा निकासा भएको पाठ्यपुस्तक वापतको रकमबाट चैत्र मसान्तभित्रै सबै सामुदायिक विद्यालयहरूलाई पाठ्यपुस्तक खरीद गर्न अनुरोध गर्ने,
५. जनक शिक्षाले कक्षा ६–१० का नयाँ पाठ्यपुस्तकहरू र निजी मुद्रक तथा बिक्रेताले कक्षा १–५ का नयाँ (रङ्गीन) पाठ्यपुस्तक चैत्र २५ गतेभित्रै जिल्ला सदरमुकाम/बिक्री केन्द्रहरूमा पुऱ्याइसक्ने प्रतिवद्धता गरे अनुसार चैत्र २५ गते १० बजे नै जिल्लामा गएका पाठ्पुस्तकको निम्नानुसारको विवरण शिक्षा विभागको शैक्षिक सामग्री व्यवस्थापन शाखामा छिटो साधनद्वारा (Email kabiraj.upreti2016@gmail.com मा वा fax: 016631972 वा mobile नं. 9841990799 ) उपलब्ध गराउने,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा विभाग
सानोठिमी,भक्तपुर

प.सं. ०७४/७५
च.नं.

विवरण:

| कक्षा | जिल्लाको जम्मा विद्यार्थी संख्या (Flash-1,2074 ) | चैत्र २४ सम्म जिल्लामा प्राप्त भएका पाठ्यपुस्तक (सेटमा) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

६. विद्यार्थी भर्ना एवम् पाठ्यपुस्तक वितरणमा सबै सरोकारवाला, विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघ, उद्योगी, व्यापारी, बुद्धिजीवी वर्ग, पत्रकार राजनीतिक दल एवम् स्थानीय तहलाई परिचालनका लागि अनुरोध गर्ने र अनुगमन निरीक्षण कार्यलाई प्रभावकारी बनाउने ।

७. त्यहाँ जिल्ला शिक्षा कार्यालयबाट त्यस जिल्ला भित्र पाठ्यपुस्तक विक्रिको लागि अनुमती लिएका पाठ्यपुस्तक विक्रेताको नाम, ठेगाना र सम्पर्क नं. जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई तुरुन्त उपलब्ध गराउनु हुन ।

देवीराम अर्याल
उपनिर्देशक
उप-निर्देशक